नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Kuala Lumpur, Malaysia

# प्रेस विज्ञप्ती

राष्ट्रिय दैनिक कान्तिपुरमा मिति २०८१ चैत्र १४ गते प्रकाशित सम्पादकीय "मलेसियाको दूतावासमा ढलेको मानवीय संवेदनाको शिर" बाट ध्यानाकर्षण भएको छ।

दूतावासले उद्धार कार्य प्राथमिकताका साथमा गर्दा गर्दै रायको अकस्मात निधन हुन गएकोमा दूतावास परिवार गहिरो दुखः प्रकट गर्दछ र मृतक राय प्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दै शोक सन्तप्त परिवार प्रति समवेदना प्रकट गर्दछ। मलेसियामा रहेका नेपाली श्रमिक र नेपाली नागरिको संरक्षण र उद्धारका लागि दूतावास निरन्तर लागिरहने प्रतिवद्धता समेत जाहेर गर्दछ।

सम्पादकीयमा उल्लेख भएका सिरहाका राजन रायको उद्धारको सम्बन्धमा नेपाली राजदूतावासबाट भएका प्रयत्नका बारेमा देहायको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

सो सम्बन्धमा राजन राय मिति २०८१/१२/४ का दिन साँझ ५ बजे एकजना आफन्तको सहयोगमा नेपाली राजदूतावास, क्वालालम्पुरसँग सम्पर्कमा आउँदा सामान्य स्वास्थ्य अवस्था देखिएको र हिंड्दै आएका रायले घर फर्किन सहयोग मागेका थिए। राय आफ्नो राहदानी बिना राजदूतावास आएका थिए।

प्रारम्भिक सोधपुछ गर्दा राजन रायले खुट्टामा समस्या रहेको जानकारी मात्र दिए र आफूसँग भएको अस्पतालका कागजात राजदूतावासका कर्मचारीलाई उपलब्ध नगराएको र राजदूतावासमा कुनै स्वस्थ्यकर्मी नरहेको हुँदा तुरुन्तै स्वास्थ्य जाँचको व्यवस्था हुन नसकेको।

यद्यपी स्वास्थ्यमा समस्या भए घरफिर्ती प्रक्रिया थप केही दिन लाग्ने भएकोले उनी तथा उनका आफन्तलाई नजिकैको क्लिनिकमा स्वास्थ्य चेकजाँच गर्न सल्लाह दिइएको थियो।

साथमा लिएर आएका आफन्त पछि सम्पर्कमा नआएपछि बेखर्ची रायलाई नजिकैको होस्टेलमा खाने बस्ने प्रबन्ध राजदूतावासले मिलाएको थियो।

घरफिर्तीको प्रक्रिया अगाडि मलेसियामा उनको वैधानिक वा अवैधानिक हैसियत पत्ता लगाउन मलेसियाको अध्यागमन विभागमा मिति २०८१/१२/५ का दिन सोधिएको

थियो। अध्यागमन विभागबाट सोही दिन उनको वर्क पर्मिटको म्याद सकिसकेको जानकारी प्राप्त भयो। नेपाली राजदूतावासबाट मिति २०८१/१२/५ कै दिन निःशुल्क एकतर्फी यात्रा अनुमति

नेपाली राजदूतावास
क्वालालम्पुर

Wisma Paradise, No. 63, Jalan Ampang, 50450 Kuala Lumpur.
Tel: 603-2020 1898/99, Fax: 603-2020 1894
E-mail: eonkualalumpur@mofa.gov.np, Website: my.nepalembassy.gov.np

पत्र जारी गरी अध्यागमन विभागमा चेक आउट मेमो लिन भेट्ने समय (appointment) का लागि समेत प्रक्रिया अगाडी बढाइएको थियो।

मलेसियामा अवैधानिक रुपमा बसेका विदेशी नागरिकले घर फर्कन अगाडी अध्यागमन विभागलाई अवैधानिक रुपमा बसेको समयको जरिवाना दस्तुर तिरेर चेकआउट मेमो लिनु पर्दछ।

राजदूतावासको अनुरोधमा अध्यागमन विभागले संवेदनशील मुद्दाहरुको हकमा यथाशिघ्र भेट्ने समय दिई अध्यागमन विभागमा हाजिर भएको १४ कार्यदिनमा चेकआउट मेमो जारी गर्दछ।

सो प्रक्रिया थालेपछि घर फर्किने दिनको पर्खाईमा रहेका रायको मिति २०८१/१२/६ का दिन होस्टेलमा सुतिरहेको अवस्थामा निधन भएको जानकारी मलेसियाको समय साँझ ७ बजे प्राप्त भएपछि राजदूतावासका कर्मचारीले एम्बुलेन्स र नजिकको प्रहरीलाई खबर गरेका थिए।

मलेसियाको स्वास्थ्य मन्त्रालयबाट मिति २०८१/१२/७ मा जारी मृत्यु प्रमाणपत्रका अनुसार ३७ बर्षीय रायको मृत्युको कारण systemic infection रहेको छ।

राजदूतावासको खर्चमा यहि मिति २०८१/१२/१५, शुक्रबारका दिन नीजको शव नेपाल पठाईंदैछ।

यस आर्थिक बर्षमा साउन महिना देखि हालसम्म विभिन्न कारणले अवैधानिक रुपमा बस्दै आएका विरामी, महिला, वृद्ध, अशक्त, बालबालिका, तथा अलपत्र अवस्थामा बसेका जम्मा ३९६ नेपाली नागरिकलाई राजदूतावासले उद्धार गरी अध्यागमन विभागसँग समन्वय गरी स्वदेश फर्काइ सकिएको छ।

**नेपाली राजदूतावास**
**क्वालालम्पुर**
२०८१/१२/१४

नेपाली राजदूतावास
क्वालालम्पुर